■ सम्पादकीय ■

पाथीभरा केबुलकारमा विवादैविवाद

ताप्लेजुङको पाथीभरामा केबुलकार निर्माण गर्ने विषयले नयाँ विवाद जन्माएको छ । धार्मिक आस्थाको विषयलाई लिएर स्थानीय लिम्बू समुदायले गरिरहेको विरोधको बाबजुद पनि केबुलकार निर्माण चलिरहेकै छ । त्यसमा विभिन्न समूहको स्वार्थ बाझिएकाले बनाउन दिने र नदिनेको बीचमा द्वन्द्व चलिरहेकै छ । यही बीचमा केबुलकार कम्पनीले खरिद गरेको जग्गामा व्यापक घोटाला भएको छ भन्ने रहस्य पनि पछिल्लो समयमा आएर खुल्दै गएको छ । जग्गा किनबेचमा र वनको सरकारी जग्गा लिजमा दिंदा व्यापक अनियमितता गरिएको छ भन्ने कुरा हाल आएर बाहिर आएको हो । यो विवादको विषय प्रतिनिधि सभा सार्वजनिक लेखा समितिसम्म पुगेको छ । स्थानीय वासिन्दाले लेखा समितिमा उजुरी दिएका हुन् ।

कुनै पनि ठाउँमा विकासका लागि भौतिक संरचना निर्माण गर्दा त्यहाँको प्राकृतिक स्रोतको विनास त हुन्छ नै तर त्यसको लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरेर मात्र प्राकृतिक स्रोतको विनास गर्न पाइन्छ । त्यसका लागि जति सक्दो कम क्षति हुने बाटो खोज्नु पर्छ । केबुलकार निर्माणस्थलमा काम गर्दा कानुनी प्रक्रिया पनि पूरा नगरेको भन्ने कुरा आइराखेको छ । यो पनि एक किसिमको दादागिरी नै हो । विकासका नाममा जे पनि गर्न पाइदैन । त्यसो हो भने केबुलकार निर्माणको स्वभाविक रूपमा विरोध हुन्छ भन्ने कुरा काम गर्दा हेक्का राख्नु पर्थ्यो । स्थानीय निकायहरुले पनि त्यस विषयमा किन ध्यान दिएनन् ?

पाथीभरा मन्दिर धार्मिक आस्थाको विषय हो । त्यहाँ दर्शन गर्न सालाना ठूलो संख्यामा भक्तजनहरू पुग्ने गर्दछन् । भक्तजनहरुलाई पाथीभरासम्म पुग्न सहज होस् भनेर केबुलकार निर्माण गर्न लागिएको हो । यसलाई सेवाको रुपमा हेर्न खोजिए पनि केबुलकार निर्माण गर्नु व्यापार हो । व्यापार गर्नेले जसरी हुन्छ नाफा कमाउन खोज्छ । त्यसमा कसैले पनि गैरकानुनी ढंगले अनुचित फाइदा लिन नपाओस् भनेर नियमनकारी निकायले ख्याल गर्नु पर्दछ । तर, नियमनकारी निकायमा बसेकाहरुनै बेइमान भए भने त्यहाँ अनुचित कार्य अवश्य हुन्छ । पाथीभरा केबुलकार निर्माणमा भएको कुरा त्यही नै हो ।

विवाद झिकेर विकासको प्रक्रिया रोक्न हुँदैन । तर, काम गर्नेहरुले नियम कानुन मिचेर अनियमित काम गर्नु हुँदैन । पाथीभरा केबुलकारको जग्गा प्राप्तीको विषयमा उठेको विवादको छानबिन गर्नैपर्छ । प्रारम्भमै विवाद टुंग्याइएन भने भोलि पनि त्यो समस्याले अप्ठेरो पार्न सक्छ । त्यसैले लेखा समितिले स्थानीय बासिन्दाको उजुरीप्रति ध्यान दिंदै सो विषयको राम्रोसँग छानबिन गरोस् ।

पाठक प्रतिक्रिया

स्वागतयोग्य विचार

उद्घोष दैनिकको जेठ १८ गते आइतवार प्रकाशित खानेपानी सम्बन्धमा उज्यालो विचार पढ्न पाइयो । यो उज्यालो सोच मानगढ खानेपानी बैठकको हो । खानेपाली उपभोक्ता समितिका अध्यक्ष. लालमणि भट्टराईले अब उप्रान्त नवनिर्वाचित समितिको सदस्यहरुले तलव वा पारिश्रमिक सुविधा नलिइकन निस्वार्थ रुपमा सेवा गर्ने हुन् भन्ने प्रतिवद्धता पनि सुनाएका छन् ।

निर्वाचन लड्दाका १७ वटा प्रतिवद्धतामध्ये प्रथम प्रण प्रतिवद्धताको कार्यान्वयन हो बिना पारिश्रमिक सेवा पुन्याउने भनेका छन् । नवनिर्वाचित समितिको यो अति उज्यालो, पवित्र अंक भनौं सेतो विचारले निरन्तरता पाइरहोस् । संस्था सञ्चालन साथ उपभोक्तालाई समेत यस्तो सुकिलो विचारले आशिक रुपमा भए पनि सहुलियत प्रदान गर्ने नै छ । नयाँ समितिलाई कार्यकालको सफलताको हार्दिक शुभकामना ।

कविता थापामगाई
विराटनगर-३

«योजनाका

गर्ने कार्यक्रम अघि सारेको छ । सडक, पुल, खानेपानी, ऊर्जादेखि स्मार्ट शहर निर्माणको अवधारणासहित पूर्वाधारका क्षेत्रलाई नीति कार्यक्रमले उच्च प्राथमिकतामा राखेको थियो ।

यसपटक सरकारले यसअघि बद्नाम भएको सांसद विकास कोषका नाममा रकम छुट्याउने सुविधा पाउने छैन । तर, घुमाउरो पारामा सांसदहरूलाई बजेट बाँड्ने तयारीमा प्रदेश सरकार जुटेको छ । सरकारले यसपटक प्रत्यक्ष निर्वाचित सांसदका लागि २ करोड ५० लाख र समानुपातिक सांसदका लागि १ करोड ५० लाख रुपैयाँ बराबरका थप योजनामा बजेट छुट्याउँदैछ । 'हामीलाई १ करोड ५० लाख बराबरको थप योजना पेश गर्न भने बमोजिम माग पेश गरेका छौं', एक जना समानुपातिक सांसदले भनिन् 'प्रत्यक्षलाई २ करोड ५० लाखको थप योजना माग भएको छ ।'

यसअघि सांसद विकास कोषका नाममा सांसदहरुलाई सोझै बजेट दिइने गरेको थियो । केन्द्रदेखि प्रदेशसम्मको यस्तो अभ्यासमा वैधानिक रूपमै अंकुश लागेपछि कोशी सरकारले सांसदहरुलाई योजनाका नाममा उही शैलीको बजेट दिने तयारी गरेको हो ।

सांसदहरुलाई बजेट दिईँदा उनीहरू कानुन निर्माता भन्दा पनि ठेकेदारको भूमिकामा बढी देखिएको भन्दै तीव्र आलोचना हुँदै आएको थियो । कोशीमा भने सत्ता पक्ष र विपक्षी सांसदहरूको मत मिलेपछि घुमाउरो बाटोबाट सांसदहरूका लागि बजेट विनियोजन हुने भएको हो ।

«जग्गा अधिग्रहण

बर्जु तालको संरक्षणमा सक्रिय स्थानीय अगुवा प्रोज्वल चौधरीले बताए । उनलेताललाई लिजमा दिने सम्झौता अविलम्ब रद्द गरी सहज ढंगबाट गाउँपालिकालाई नै व्यवस्थापन गर्न आग्रह गरे । सोही माग गर्दै १०९ जना स्थानीय किसानको हस्ताक्षरसहितको ज्ञापन पत्र समेत गाउँपालिकालाई बुझाएका छन् ।

लगानी सम्मेलनका क्रममा प्रदेश लगानी प्राधिकरण र केहिरोज इन्टरनेसनल प्रालिबीच बर्जु ताल पर्यटन परियोजनाका लागि ४ अर्ब २८ करोड रुपैयाँ लगानी गर्ने सम्झौता भएको थियो ।

अमेरिकी डलरको विश्वव्यापी वर्चस्व


✍ प्रभाषचन्द्र झा

विश्व अर्थतन्त्रमा अमेरिकी डलरको भूमिका सामान्य मुद्राभन्दा धेरै माथि छ । यो केवल एक देशको मुद्रा नभई कुनै पनि मुलुकको अर्थतन्त्रलाई उचाइमा पुन्याउने वा धराशायी पार्ने क्षमता राख्ने शक्तिशाली अस्त्रका रूपमा स्थापित भएको छ । डलरको अभावले दुई देशबीचको आयात-निर्यात समेत प्रभावित हुने भएकाले विश्वका अधिकांश मुलुक यसको भण्डारण गर्न अग्रसर देखिन्छन् । जसरी प्रथम विश्वयुद्धपछि अमेरिका एक महाशक्तिको रूपमा उदायो, त्यसरी नै दोस्रो विश्वयुद्धपछि अमेरिकी डलरले विश्वका अन्य मुद्राहरूलाई पछि पार्दै आफ्नो छुट्टै विशिष्ट पहिचान स्थापित गर्‍यो ।

सामरिक रणनीति र मुद्रा नीतिको खतरनाक पक्ष

अमेरिकाले विश्वमा आफ्नो प्रभुत्व कायम गर्न साम, दाम, दण्ड र भेदको नीति अपनाउँदै आएको छ, आवश्यकता परे सैन्य बलसमेत प्रयोग गर्ने गर्छ । विगत सात दशकमा अफगानिस्तान, कम्बोडिया, भियतनामलगायत दर्जनौं मुलुकमा हतियार र सेना पठाएर आफ्नो अधिपत्य कायम गर्न खोजेको देखिन्छ । तर, अमेरिकाको मुद्रा नीति झनै खतरनाक छ । अमेरिकी डलर विश्वका अधिकांश मुलुकको अर्थतन्त्रसँगै सत्तामा उलटपुलट गराउने अस्त्रका रूपमा उपयोग हुँदै आएको छ ।

दोस्रो विश्वयुद्ध : डलरको उदयको वरदान

दोस्रो विश्वयुद्ध युरोपेली मुलुकहरूका लागि अभिशाप भए पनि अमेरिकाको अर्थतन्त्र र सामरिक राष्ट्रको पहिचानका लागि वरदान साबित भयो । सन् १९३९ देखि १९४५ सम्म चलेको युद्धमा अमेरिकाले हतियार र लडाकु विमानको व्यापक बिक्री गर्‍यो । सुन लिएर हतियार बेच्दा अमेरिकासँग २२ हजार टन सुनको विशाल भण्डारण भयो, जसले उसको अर्थतन्त्रलाई सशक्त बनायो ।

युरोपका अधिकांश मुलुकको आर्थिक अवस्था जर्जर भइसकेको थियो । बेलायतले आफ्ना औपनिवेशिक राष्ट्रहरूलाई सैन्य सहयोग गर्नुपर्ने बाध्यताले पाउन्डको अवमूल्यन हुँदै गयो । बेलायतजस्तै युरोप र एसियाका दर्जनौं मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा पुगेको थियो । सुन बेचेर हतियार खरिद गरेकाले धेरै मुलुकसँग सुनको मौज्दात शून्यको अवस्थामा पुगेको थियो । उनीहरूलाई आन्तरिक सुधारका लागि र अन्तर्राष्ट्रिय व्यापारका लागि सशक्त एवं सर्वमान्य मुद्राको खोजी थियो ।

ब्रेटन वुड्स र स्वर्णमानकको अन्त्य

विश्वयुद्धअघि अन्तर्राष्ट्रिय व्यापार मुख्य रूपमा ब्रिटिस पाउन्ड वा सुन धातुमा हुने गर्दथ्यो, जुन स्वर्णमानकको स्थिर विनिमय दर प्रणालीको हिस्सा थियो । युद्धको पटाक्षेपपछि व्यापारको भविष्यबारे अमेरिकाको वासिङ्टनमा विस्तृत बैठक बस्यो । पाउन्डको अत्यधिक अवमूल्यन भइसकेकाले कुन मुद्रामा व्यापार गर्ने भन्ने विषयमा गहन छलफल भयो । सोही क्रममा अमेरिकाले डलरमा कारोबार गर्न प्रस्ताव गर्‍यो । अमेरिकाले आफ्नो ठूलो सुन भण्डारण बेच्ने उद्देश्यले अन्तर्राष्ट्रिय जगतलाई ऋणमा डलर उपलब्ध गराउन थाल्यो । त्यो बेला २८ ग्राम सुनको मूल्य ३५ डलर निर्धारण गरिएको थियो । विश्वका सबै देशले डलरलाई अन्तर्राष्ट्रिय मुद्राका रूपमा मान्यता प्रदान गरेपछि डलरको माग व्यापक रूपमा बढ्यो ।

तर, सन् १९६० को दशकमा लन्डनमा २८ ग्राम सुनको मूल्य ४० डलर पुगेपछि सुनमा बिचौलिया देखा परे । जहाँ अमेरिकाबाट ३५ डलरमा सुन किनेर लन्डनमा ४० डलरमा बेच्न थालियो । यसलाई रोक्न अमेरिकाले बेलायतलाई ठूलो ऋण दिएर सुनको विनिमय बजार बन्द गरायो । अप्रत्याशित रूपमा सन् १९७१ मा अमेरिकी राष्ट्रपति निक्सनले सुन नबेच्ने घोषणा गरेपछि अन्तर्राष्ट्रिय जगत् हतप्रभ भयो । डलरको मौज्दात भएका देशहरू अलमलमा परे, अन्ततः कतिपय मुलुकले डलरले अमेरिकामा उत्पादित सामान खरिद गर्न बाध्य हुनुपर्‍यो । यसबाट अमेरिकाको बजार व्यापक रूपमा फैलियो ।

पेट्रोडलर र स्विफ्ट प्रणालीको स्थापना

सोही समयमा अरब मुलुकमा पेट्रोलियम पदार्थको व्यापक भण्डार पत्ता लाग्यो । अरब मुलुकका राजाहरूलाई जनविद्रोहको डर सताइरहेको थियो । अमेरिकाले सुरक्षा दिने वचनको बदलामा उनीहरूसाग तेल डलरमा बेच्न सहमति गरायो । विश्वयुद्धपछि आधुनिक युग सुरु भइसकेको र उद्योग तथा सवारी साधनको उत्पादन तीव्र बनेकाले सबै मुलुकलाई तेलको आवश्यकता पर्‍यो । अरब मुलुकहरूले तेल डलरमा बेच्ने प्रस्ताव राखेपछि अमेरिकी डलरको माग चौतर्फी हुन थाल्यो र अन्तर ष्ट्रिय जगतलाई डलरको मौज्दात राख्नुपर्ने बाध्यता उत्पन्न भयो ।

विश्वको अर्थतन्त्र सबल हुँदै जाँदा वित्तीय संस्थाहरूको स्थापना पनि बढ्यो । बैंकमार्फत कारोबार हुन थालेपछि नयाँ समस्या सृजना भयो । दुई देशका बैंकबीच सम्झौता नभए रकम कसरी पठाउने ? अमेरिकाले डलरको प्रभुत्व कायम गरिसकेकाले यस अवसरको फाइदा उठाउँदै विश्वव्यापी अन्तर बैंक सञ्चार (सोसाइटी फर वर्ल्डवाइड इन्टरबैंक टेलिकम्युनिकेसन 'स्विफ्ट' प्रणालीको अवधारणा ल्यायो । यो एक वैश्विक सहकारी संस्था हो, जसले बैंक र अन्य वित्तीय संस्थानहरूबीच सुरक्षित रूपमा वित्तीय लेनदेनको जानकारी आदानप्रदान गर्न मद्दत गर्छ ।

कुनै पनि देशको बैंकले अर्को देशको बैंकमा रकम पठाउनु परेमा, ती दुई बैंकबीच सीधा सहमति नभए पनि, रकम पहिले स्विफ्ट प्रणालीमार्फत अमेरिकी बैंकमा पुगेर सम्बन्धित मुलुकको बैंकमा पठाइन्छ । यस प्रणालीले डलरमा कारोबारलाई अनिवार्य बनायो । रुस-युक्रेन युद्धमा रुसमाथि दबाब बनाउन अमेरिकाले स्विफ्ट प्रणालीमा रुसको कारोबार रोकेको उदाहरणले यसको रणनीतिक महत्त्व झल्काउँछ ।

अधिकांश मुलुकले अन्तर्राष्ट्रिय कारोबार, तेल खरिद र वैदेशिक आर्थिक कारोबारका लागि स्विफ्ट प्रणाली अपनाउन सहमति जनाए । यसले अमेरिकी डलरलाई अन्तर्राष्ट्रिय कारोबारका लागि भरपर्दो एवम् स्थिर मुद्राका रूपमा स्थापित गर्‍यो । आर्थिक सङ्कटको समयमा लगानी गर्ने मुलुकले सुरक्षित मुद्राको रूपमा डलरमाथि नै विश्वास गर्छन् । अमेरिकामा आर्थिक मन्दी वा अन्य कुनै सङ्कट भए पनि अन्तर्राष्ट्रिय बजारमा डलरको माग कायम नै रहन्छ, किनभने प्रत्येक राष्ट्रको आर्थिक व्यवस्था अमेरिकी डलरसँग जोडिएको छ । यसरी विश्व अर्थव्यवस्थामा 'अमेरिकी डलर' इन्धनको रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

वर्चस्वमाथि चुनौती र नयाँ समीकरण

यद्यपि, अमेरिकी डलरको यो एकाधिकार सधैं एकनास रहने छैन । भारतले नेपाल, श्रीलङ्का, बङ्गलादेश, मारिशस र संयुक्त अरब इमिरेट्सजस्ता मुलुकहरूसँग भारतीय मुद्रामै कारोबार गर्न थालेको छ । युरोपेली मुलुकका २० राष्ट्रहरूको समूहले 'युरो' मुद्रा प्रचलनमा ल्याएर सन् २००२ बाट विधिवत रूपमा कारोबार सुरु गरेका छन् । 'ब्रिक्स' को विस्तार र 'डीडलरलाइजेशन' को बढ्दो प्रवृत्तिले बहुध्रुवीय विश्व अर्थव्यवस्थाको उदयलाई सङ्केत गर्छ ।

ट्रम्पका नीतिहरु र डलरको भविष्य

डोनाल्ड ट्रम्प दोस्रोपटक राष्ट्रपति भएपछि अमेरिकाको अर्थतन्त्रलाई बलियो बनाउन आयातित वस्तुमाथि उच्च कर लगाउने नीति अपनाएका छन् । यसबाट राजस्व वृद्धि हुने र अमेरिकी वस्तुको माग बढ्ने उनको सोच छ । चीन र भारतजस्ता देशहरूसँग व्यापारिक प्रतिशोध साध्न उनले अत्यधिक कर बढाएका छन्, जसमा भारतीय सामानमा कम्तीमा २६ प्रतिशत कर लिने निर्णय पनि समावेश छ ।

बिना कागजात अनधिकृत रूपमा बसेका आप्रवासीहरूलाई फिर्ता पठाएर आर्थिक भार घटाउने उनको अर्को नीति छ । हालै लसएन्जलसमा आप्रवासीहरूको सडक आन्दोलन र त्यसपछिको आपत्काल घोषणा यसकै उपज हो । नेपालमा पनि आप्रवासीलाई फिर्ता पठाउने क्रम जारी छ । ट्रम्पले विकासोन्मुख राष्ट्रको आयातित वस्तुमा भने कर बढाएका छैनन्, जसले ती मुलुकहरूलाई अमेरिकी बजारमा आफ्नो पकड बलियो बनाउने अवसर प्रदान गर्छ । नेपालले पनि यस अवसरको फाइदा उठाउनुपर्ने देखिन्छ ।

यसरी, अमेरिकी डलरको विश्वव्यापी वर्चस्व ऐतिहासिक घटनाक्रम, रणनीतिक नीति र भूराजनीतिक आवश्यकताहरूको उपज हो । यसको प्रभुत्व यथावत् रहे पनि विश्वमा बढ्दो आर्थिक ध्रुवीकरण र वैकल्पिक मुद्राको उदयले यसको भविष्यमा नयाँ आयाम थपिने निश्चित छ ।

> अमेरिकी डलरको विश्वव्यापी वर्चस्व ऐतिहासिक घटनाक्रम, रणनीतिक नीति र भूराजनीतिक आवश्यकताहरूको उपज हो । यसको प्रभुत्व यथावत् रहे पनि विश्वमा बढ्दो आर्थिक ध्रुवीकरण र वैकल्पिक मुद्राको उदयले यसको भविष्यमा नयाँ आयाम थपिने निश्चित छ ।

कविता

अनन्त


✍ कृष्ण तिमिल्सिना

झिसमिसे बिहान त्यो अनन्त क्षितिजबाट
आकाशमा रातो सिन्दुर छर्दै झुल्किने
त्यो घाम
अनन्त अन्धकारमा धकेलिन फेरि
त्यै अनन्त क्षितिजमा डुबेजस्तै
डुब्नेछु एक दिन
यो अनन्त दुनियाँबाट
तर, त्यो घाम जसरी भोलि फेरि
म झुल्किने छैन ।
पातमा भएका सितका थोपामा ठोकिएर
आशाका किरण फैलाएसरी
त्यो मनको अन्तर कुनामा
एउटा सानो आशाको बीउ रोप्ने छैन
जसरी, ब्ल्याक होलमा प्रकाशका किरणहरू
अनन्त कालमा गई हराउने गर्छन् ।
सानोमा डाक्टर इन्जिनियर बन्ने सपना देख्नेको
ठूलोमा अभावले त्यस्ता रहर बिलाउने गर्छन् ।
शून्यमा शुरू भएका अंकहरू
अन्त्यमा अनन्त शून्यमा मिसिने गर्छन्
त्यसरी नै अनन्त अन्धकारमा नफर्किने गरी
हराउनेछु एक दिन ।
मेरा हजुरबा पनि हराउनु भयो
त्यो अनन्त अन्धकारको भुमरीमा
मेरा रहर र सपनाहरु हराए जसरी ।

(कञ्चनरुप नगरपालिका, सप्तरी)

गजल

✍ केशन ढकाल

मदिरालाई पनि मात खुवाउने अरे उनको जवानी ।
सुनको समेत सौन्दर्य बढाउने अरे उनको जवानी ।
हैरान भएछन् कविहरू बयान गर्ने शब्दको खोजीले,
शब्दकोशलाई पनि अर्थ बुझाउने अरे उनको जवानी ।
अप्सराहरु तनावमा रहेछन्, इन्द्र मञ्च पर्न छाडेकोले,
देखेपछि,उनलाईनै हेरिरहुँ बनाउने अरे उनको जवानी ।
स्वाभाविक हो,देखेर उनलाई तिमी अलमलमा परेको,
मुनिहरुको पनि ध्यान भङ्ग गराउने अरे उनको जवानी ।
तापक्रमको कुरा के गर्छौ, एक पटक नजिक गएर हेर,
चलिरहेको थर्मोमिटर पनि फुटाउने अरे उनको जवानी ।

तपसिलमा उल्लेखित ऋणीको धितो रहेका चल/ अचल सम्पति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८२/०२/३०

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुलउपर गर्न यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरि लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५** दिनभित्र यस बैंकमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमकदाचित सो धितोबाट कर्जा असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

शाखा कार्यालय : विराटनगर

ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते विवरण		
ऋणी : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७८/०४/२६ मा दर्ता नं. २६७५५३/०७८/०७९ अन्तर्गत रजिष्टर्ड दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ जिल्ला, कटहरी गा.पा., वडा नं. १ भई हाल सोही स्थान स्थित **बिराट गंगा पेट एण्ड बेभरेज प्रा.लि.** ।		
धितो सुरक्षणको विवरण : बिराट गंगा पेट एण्ड बेभरेज प्रा.लि.को नाममा मालपोत कार्यालय, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, केरावारी गा.वि.स/न.पा वडा नं. ४ स्थित कि.नं. ७०८ को क्षेत्रफल क्रमशः ०-४-० (वि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण सिवसिवापात समेत ।		
१. संचालक / व्यक्तिगत जमानीकर्ता : नाम : पेशल आचार्य बाबु : जय प्रसाद आचार्य बाजे : चम्पाखर आचार्य ना.प्र.नं. : ६९८६-२४८ (जारी मिति : २०५९/०२/१५, मोरङ) ठेगाना : मोरङ जिल्ला, उर्लाबारी न.पा., वडा नं. ४ स्थायी ठेगाना भै हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने ।	**२. संचालक / व्यक्तिगत जमानीकर्ता :** नाम : नविन भट्टराई बाबु : बलराम शर्मा भट्टराई बाजे : प्रेमराज शर्मा भट्टराई ना प्र नं : १०४१८-२२५ (जारी मिति : २०५७/०८/०९, मोरङ) ठेगाना : मोरङ जिल्ला, सोराभाग गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भै हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ५ बस्ने ।	**३. संचालक / व्यक्तिगत जमानीकर्ता :** नाम : राजेश खनाल बाबु : भेषराज खनाल बाजे : धर्मानन्द खनाल ना.प्र.नं. : ०६-०१-७३-००८४४ (जारी मिति : २०७३/०१/२७, सुनसरी) ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. १० भै हाल सोहि स्थानमा बस्ने ।
कर्जा शिर्षक : व्यावसायिक कर्जा ।		

शर्तहरु

१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३) बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%) ले हुने रकम यस बैंकको केन्द्रिय कार्यालयको खाता नम्बर ९२६६०११५२०००२ SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्थकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८) बोलपत्र दाखिल भइसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
कर्जा असुली विभाग

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ३० गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय विराटनगरबाट तपशिलमा उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रकियाद्वारा लिलाम बिकी गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिकी सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण
देवी बहादुर बस्नेतको नाति चन्द्र बहादुर बस्नेतको छोरा मोरङ जिल्ला केरावारी वडा नं. २ हाल, केरावारी गा.पा वडा नं. ८ बस्ने **मनोज बस्नेत** (ना.प्र.नं. : ७१५४२ जारी मिति र जिल्ला : २०५९/१०/०५, मोरङ)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) हरि प्रसाद कट्टेलको छोरी चन्द्र बहादुर बस्नेतको बुहारी मनोज बस्नेतको पत्नी मोरङ जिल्ला केरावारी वडा नं. २ हाल, केरावारी गा.पा वडा नं. ८ बस्ने **कोपिला कट्टेल** (ना.प्र.नं. : ०५३०४७/४७२जारी मिति र जिल्ला : २०६३/१०/११, मोरङ)
यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८०/०६/२७ को नागरिक टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
धितो सुरक्षण सम्बन्धी विवरण : धनी यस बैंक तथा ऋणी मनोज बस्नेतको नाममा कायम रहेको तपसिल बमोजिमको सवारी साधन ।

सवारी दर्ता नं.	कम्पनी	मोडल	च्यासिस नम्बर	ईन्जिन नम्बर	बनेको साल	रङ्ग	किसिम
को २ त ८४१२	Mahindra and Mahindra Ltd.	M.Tractor YUVO 575 PS	MBNUFALYAHNE 00119	NHE5GFE4381	2017	Red	निजी ट्रेक्टर

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/१९ गते बिहीवार यस बैंकको शाखा कार्यालय विराटनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२० गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय विराटनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ